**खिजीदेम्वा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खिजीफलाटे,ओखलढुंगा**
**१ नं. प्रदेश नेपाल**

# स्थानीय राजपत्र

**खण्ड ४** **संख्या १** **स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७७/०६/२५**

**भाग २**

**प्रस्तावना :** खिजीदेम्वा गाउँपालिकाबाट गर्नुपर्ने आर्थिक सहायता वितरण कार्यलाई नियमित, व्यवस्थित, प्रभावकारी तथा पारदर्शी तथा न्यायपूर्ण बनाउने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकोले, खिजीदेम्वा गाउँपालिकाले खिजीदेम्वाको आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७७ बनाई लागू गरेको छ ।

## आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७७

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०६/१३,** **प्रमाणिकरण मिति : २०७७/०६/१६**

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम आर्थिक सहायता कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषा र व्याख्य : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “गाउँपालिका” भन्नाले खिजीदेम्वा गाउँपालिका सम्झनुपर्दछ ।

(ख) “गाउँ कार्यपालिका” भन्नाले खिजीदेम्वा गाउँकार्यपालिका सम्झनुपर्दछ ।

(ग) “अध्यक्ष” भन्नाले यस गाउँ कार्यपालिकाको गाउँपालिका अध्यक्ष सम्झनुपर्दछ ।

(घ) ”उपाध्यक्ष” भन्नाले यस गाउँ कार्यपालिकाको गाउँपालिका उपाध्यक्ष सम्झनुपर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले यस गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(च) “आर्थिक सहायता” भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने आर्थिक सहायता सम्झनुपर्दछ ।

(छ) “वडा समिति” भन्नाले गाउँ कार्यपालिकाको वडा समिति सम्झनुपर्दछ ।

(ज) “सभा” भन्नाले यस गाउँ पालिकाको गाउँ सभा सम्झनुपर्दछ ।

३. आर्थिक सहायताको लक्षित वर्ग तथा क्षेत्रहरु : यस गाउँपालिकाबाट उपलब्ध गराइने आर्थिक सहायताको लक्षित वर्ग तथा संभाव्य क्षेत्रहरु देहाय बमोजिम हुनेछन् ।

(क) आर्थिक रुपमा ज्यादै जोखिममा रहेका व्यक्ति वा समूह,

(ख) मानवीयहित, कल्याण वा संरक्षणको दृष्टिले सहायता गर्नुपर्ने भनी पहिचान भएका व्यक्ति वा समूह ,

(ग) गाउँपालिका क्षेत्रभित्रका विपन्न नागरिकको कल्याण, विकास वा उन्नतीको लागि गैह्र नाफा मूलक किसिमले सञ्चालन गरिने सामाजिक क्रियाकलापहरुमा संलग्न सामुदायिक समूह, संघ, संगठनहरु तथा ऐतिहासिक, पुरातात्विक, धार्मिक, प्राकृतिक महत्वका सम्पदाहरुको संरक्षणको लागि गरिने कार्यहरुकोलागि

(घ) आर्थिक सहायता प्रदान गर्न अति आवश्यक भनी गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरिए बमोजिम लक्षित व्यक्ति, वर्ग वा गैह्र नाफा मूलक सामुदायिक समूह संघ, संस्थाहरु

(ङ) नेपाल सरकारबाट सहायता प्रदान गरिने गम्भिर प्रकृतिका रोगहरु (क्यान्सर, मृगौला, मुटु, सम्बन्धि) रोगको उपचारमा जानकालागि आर्थिक रुपले विपन्न संरक्षण विहिन व्यक्तिहरुलाई,

(च) प्राकृतिक विपद्, आगजनी तथा यस्तै अन्य आकस्मिक विरामी परेका तथा प्रसुति सेवामा जटिल अबस्था उत्पन्न भई आकस्मिक रुपमा उपचार गराउनु पर्ने जेष्ठ नागरीक, आपांङ एकल महिला तथा विपन्न संरक्षण विहिन व्यक्तिहरुकोलागि ठुला रोगहरु विरामीलाई,

(छ) आकस्मिक रुपमा कुनै दुर्घटनामा परी वा आत्मा हत्यागरी आर्थिक रुपले विपन्न संरक्षण विहिन व्यक्तिको अन्त्यष्टि तथा काजक्रियाकालागि,

४. आर्थिक सहायता वितरण प्रकृया :(१) आर्थिक सहायता पाउन योग्य लक्षित वर्ग, समूह वा संगठनले सम्बन्धित वडा कार्यालयको सिफारिसमा तोकिएको ढाँचामा सो सहायता पाउनुपर्ने आधार, प्रमाण र कारण खुलाई गाउँकार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) आर्थिक सहायता र सो को प्रकृया देहाय बमोजिम हुनेछ :-

(क) रु.१००००।- (दश हजार रुपैयाँ) सम्मको आर्थिक सहायता सम्बन्धित वडा कार्यालयको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउन सक्नेछ ।

(ख) रु.२५०००।-(पच्चीस हजार रुपैयाँ) सम्मको आर्थिक सहायता गाउँपालिकाको प्रमुखले सम्बन्धित वडा कार्यालयको सिफारिसमा उपलब्ध गराउन सक्नेछ ।

(ग) रु.२५००१।- (पच्चीस हजार रुपौयाँ) भन्दा माथि रु.१ लाख सम्मको आर्थिक सहायता गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गर्नुपर्नेछ ।

**५**. **प्रतिवेदन पेश गर्नुपर्ने : (१) यस गाउँ कार्यपालिकाको कार्यालयबाट त्रैमासिक रुपमा वितरण भएका आर्थिक सहायताहरुको खर्चको विवरण एकमुष्ट विवरण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले अभिलेखिकरण गरी राख्नुपर्नेछ ।**

**६**. **प्राप्त आर्थिक सहायता तोकिएको प्रयोजनमा खर्च गर्नुपर्ने : यस गाउँपालिकाबाट जुन प्रयोजनका लागि जे जति रकम आर्थिक सहायताको रुपमा प्राप्त गरेको हो सहायता प्राप्त गर्ने व्यक्तिले सोही प्रयोजनका लागि सो रकम खर्च गरेको हुनुपर्नेछ र सो को आधिकारिक प्रमाण कागजात गाउँ कार्यपालिकाको कार्यालयको लेखा शाखामा पेश गर्नुपर्नेछ ।**

**७**. **स्थलगत अनुगमन समिति : यस गाउँपालिकाबाट वितरण भएका आर्थिक सहायताको प्रभावकारी उपयोग सम्बन्धमा स्थलगत रुपमा अध्ययन अवलोकन गरी गाउँकार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्न देहायको एक समिति रहनेछ ।**

**(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँकार्यपालिकाको कार्यालयको अधिकृतस्तरको कर्मचारी – संयोजक**

**(ख) आर्थिक सहायता प्रदान गरिएको विषयसँग सम्बन्धित क्षेत्र हेर्ने संयोजक – सदस्य**

**(ग) प्रशासन शाखाको प्रमुख – सदस्य**

**(घ) आर्थिक प्रशासन शाखाको प्रमुख – सदस्य**

**(ङ) ईन्जिनियर वा सब ईन्जिनियर मध्येबाट १ जना – सदस्य**

**८**. **यसै कार्यविधि बमोजिम भए गरेको मानिने : यस अघि यस गाउँपालिकाबाट प्रदान गरिएका आर्थिक सहायता समेत यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।**

**९**. **कार्यविधिको व्याख्य संशोधन तथा अनुसूची थपघट : यस कार्यविधिको आवश्यक व्याख्य, संशोधन तथा अनुसूची थपघट गाउँकार्यपालिकाले गर्नेछ ।**

**अनुसूची – १ (व्यक्तिको हकमा)**

**(बुँदा नं.४.१ सँग सम्बन्धित)**

**मिति :**

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू**

**खिजीदेम्वा गाउँकार्यपालिकाको कार्यालय,**

**खिजीफलाटे, ओखलढुंगा ।**

**<u>विषय : आर्थिक सहायता उपलब्ध गराई पाऊँ ।</u>**

**महोदय,**

**प्रस्तुत विषयमा......................स्थायी ठेगाना भएको मलाई...................................गर्नुपर्ने भएकोले सोका लागि मेरो आर्थिक अवस्था अत्यन्त कमजोर रहेकोले................................का लागि रु.............(अक्षरुपी रु...........................................) उपलब्ध गराइ दिनुहुन तपशिलको प्रमाण कागजात संलग्त राखी यो निवेदन पेश गरेको छु । साथै मेरो यस गाउँपालिकासँग सम्बन्धित तिर्नु बुझाउनु वा फर्छ्यौट गर्नुपर्ने कर, महशुल, बक्यौता वा पेश्की बेरुजु बाँकी नरहेको जानकारी गराउँदै प्राप्त सहयोग रकम जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि खर्च गर्ने सो नगरेको पाइएमा जुनसुकै कारवाही, सजाय वा जरिवाना सहन, भग्न वा तिर्न बुझाउन सहमत भएको व्यहोरा समेत अनुरोध छ ।**

**भवदीय**

**दस्तखल :**

**नाम, थर :**

**स्थायी ठेगाना :**

**सम्पर्क नं. :**

**तपशिल :**

**१. नेपाली नागरिकताको प्रमाणमत्रको प्रतिलिपी १ थान**

**२. संगठित संस्थाको हकमा दर्ता तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि**

**३. सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता उपलब्ध गराउनुपर्ने कारण, आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र ।**

**अनुसूची १ (क)**

**संगठित सस्ंस्थाको हकमा**

**(वुँदा नं.४.१ सँग सम्बन्धित)**

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

खिजीदेम्वा गाउँकार्यपालिकाको कार्यालय,

खिजीफलाटे, ओखलढुंगा ।

**विषय : आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा..........................ठेगाना रहेको ............................संस्था/समूह/संघलाई ....................................गर्नुपर्ने भएकोले संस्था समूह संघबाट विनियोजित रकम अपुग भएकोले सो प्रयोजनका लागि रु.................(अक्षरुपी .............................) उपलब्ध गराइदिनु हुन तपशिलको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेश गरिएको छ । यस संस्थाको यस गाउँपालिकासँग सम्बन्धित तिर्नु बुझाउनु वा फर्छ्यौट गर्नुपर्ने कर, महशुल, बक्यौता वा पेश्की बेरुजु बाँकी नरहेको, नियमानुसार गाउँपालिकाको कार्यालय वा प्रदेश वा केन्द्र सरकारको आधिकारिक निकायमा दर्ता भएको अवगत गराउँदै प्राप्त सहयोग रकम जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि खर्च गरिने व्यहोरा समेत अनुरोध छ ।

संगठित संस्थाको तर्फबाट

अध्यक्ष वा प्रमुखको नाम,थर :

संस्थाको ठेगाना :

सम्पर्क नं. :

**तपशिल :**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ थान

२. संगठित संस्थाको हममा दर्ता तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

३. सम्बन्धित वडा कार्यालयको आर्थिक सहायता उपलब्ध गराउनुपर्ने कारण, आधार र प्रमाण समेत खुलेको सिफारिस पत्र ।

**अनुसूची २**

**(वुँदा नं.५ सँग सम्बन्धित)**

**प्रतिवेदनको ढाँचा**

| क्र.सं | सहायता पाउने व्यक्ति वा संस्थाको नाम,थर | ठेगाना | सम्पर्क नं. | सहायता लिएको रकम | प्रयोजन | संस्थाको हकमा भए सो संस्थाको प्रमुख व्यक्ति र सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |

आज्ञाले

सुवास पौडेल

प्रमुख प्रशासकीय अधिकृत